मिति : २०७८/०७/०५
बैठक संख्या : ५२ औं

स्थान : पोखरा महानगरपालिका सभाहल
समय : दिनको १:३० वजे ।

पोखरा महानगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मञ्जुदेवी गुरुङ्गज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको ५२ बैठक पोखरा महानगरपालिकाको सभाहलमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायानुसारको निर्णय गरियो ।

क्र.सं.	वडा नं.	पदाधिकारीहरुको नाम	पद	दस्तखत
१	अध्यक्ष	श्री मञ्जुदेवी गुरुङ्ग	कार्यवाहक प्रमुख	
२	सचिव	श्री महेश बराल	प्रमुख प्रशासकीय अधिकृत	
३	सदस्य	श्री शारदा पराजुली	वडा अध्यक्ष १	
४	सदस्य	श्री रामेश्वर मल्ल	वडा अध्यक्ष २	
५	सदस्य	श्री रवीन्द्र बहादुर प्रजू	वडा अध्यक्ष ३	
६	सदस्य	श्री शंकरप्रसाद बास्तोला	वडा अध्यक्ष ४	
७	सदस्य	श्री धन बहादुर नेपाली	वडा अध्यक्ष ५	
८	सदस्य	श्री जगतबहादुर पहारी	वडा अध्यक्ष ६	
९	सदस्य	श्री रामचन्द्र बराल	वडा अध्यक्ष ७	
१०	सदस्य	श्री रुद्रनाथ बराल	वडा अध्यक्ष ८	
११	सदस्य	श्री रामराज लामिछाने	वडा अध्यक्ष ९	
१२	सदस्य	श्री राजकुमार गुरुङ	वडा अध्यक्ष १०	
१३	सदस्य	श्री मोहन प्रसाद बाँस्तोला	वडा सदस्य ११	
१४	सदस्य	श्री रामबहादुर कार्की	वडा अध्यक्ष १२	
१५	सदस्य	श्री लेखबहादुर तामाङ 'दर्शन'	वडा अध्यक्ष १३	
१६	सदस्य	श्री प्रेमबहादुर कार्की	वडा अध्यक्ष १४	
१७	सदस्य	श्री प्रकाश पौडेल	वडा अध्यक्ष १५	
१८	सदस्य	श्री जीवनप्रसाद आचार्य	वडा अध्यक्ष १६	
१९	सदस्य	श्री तीर्थराज अधिकारी	वडा अध्यक्ष १७	
२०	सदस्य	श्री रणबहादुर थापा	वडा अध्यक्ष १८	
२१	सदस्य	श्री शोभामोहन पौडेल	वडा अध्यक्ष १९	
२२	सदस्य	श्री सीम बहादुर गुरुङ्ग	वडा अध्यक्ष २०	
२३	सदस्य	श्री खगराज आचार्य	वडा अध्यक्ष २१	
२४	सदस्य	श्री मित्रलाल वराल	वडा अध्यक्ष २२	

२५	सदस्य	श्री विष्णु प्रसाद पराजुली	वडा अध्यक्ष २३	
२६	सदस्य	श्री ओम प्रसाद सुवेदी	वडा अध्यक्ष २४	
२७	सदस्य	श्री शोभाकर तिमिल्सीना	वडा अध्यक्ष २५	
२८	सदस्य	श्री नारायण प्रसाद बराल	वडा अध्यक्ष २६	
२९	सदस्य	श्री पूर्णकुमार गुरुङ्ग	वडा अध्यक्ष २७	
३०	सदस्य	श्री निर्मल दियाली	वडा अध्यक्ष २८	
३१	सदस्य	श्री चेतबहादुर गुरुङ्ग	वडा अध्यक्ष २९	
३२	सदस्य	श्री श्रीराम पोखरेल	वडा अध्यक्ष ३०	
३३	सदस्य	श्री कमल बहादुर थापा	वडा अध्यक्ष ३१	
३४	सदस्य	श्री अक्कल बहादुर कार्की	वडा अध्यक्ष ३२	
३५	सदस्य	श्री शिव प्रसाद आचार्य	वडा अध्यक्ष ३३	
३६	सदस्य	श्री बुधराज भुजेल (भिमसेन)	कार्यपालिका सदस्य	
३७	सदस्य	श्री ओम प्रसाद गौचन	कार्यपालिका सदस्य	
३८	सदस्य	श्री यशोदा भट्टराई	कार्यपालिका सदस्य	
३९	सदस्य	श्री राधिका शाही योगी	कार्यपालिका सदस्य	
४०	सदस्य	श्री मनबुजा वि.क.	कार्यपालिका सदस्य	
४१	सदस्य	श्री सन्तु सुवेदी	कार्यपालिका सदस्य	
४२	सदस्य	श्री चतुरे वि.क.	कार्यपालिका सदस्य	
४३	~~सदस्य~~	श्री पुष्पाञ्जले पहरी	~~कार्यपालिका सदस्य~~	

पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, पोखरा

५२ औं कार्यपालिका बैठकका प्रस्तावहरु:

१. नगर प्रमुखको उपचारको लागि आर्थिक सहायता गर्ने सम्बन्धी ।
२. आ.व. २०७८/०७९ को वार्षिक दररेट स्वीकृत सम्बन्धी ।
३. निजीक्षेत्रको विकास संग सम्बन्धित IEE स्वीकृत गर्ने सम्बन्धी ।
४. नयाँ Landfill site को लागि जग्गा प्राप्ति प्रकृया आरम्भ गर्ने सम्बन्धी ।
५. सरसफाईमा खटिएका कम्पनीहरुको म्याद थप गर्ने निर्णयको अनुमोदन सम्बन्धी ।
६. भुक्तानी बांकी रहेका भनि पेश भएका योजना सम्बन्धी ।
७. घर नक्शा अभिलेखिकरण/घरनक्शा पासको म्याद थप सम्बन्धी ।
८. खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन कार्यविधि, २०७८ सम्बन्धी ।
९. कोरिया अन्तराष्ट्रिय सहयोग निकाय KOICA संग सरसफाई सम्बन्धी आयोजना माग गर्ने सम्बन्धी ।
१०. बहुवर्षिय योजनाहरु संचालन गर्ने सम्बन्धी ।
११. दमकल तर्फ काम गर्न चाहने कर्मचारीको स्थानान्तरण सम्बन्धी ।
१२. Land Use Plan को Review समितिमा सदस्यहरु हेरफेर गर्ने सम्बन्धी ।
१३. गुप्तेश्वर क्षेत्रको मापदण्ड सम्बन्धी समिति र फुस्रेखोला मापदण्ड समितिको सदस्य सचिव परिवर्तन सम्बन्धी ।
१४. भलाम मौजा बाटोको विवाद व्यवस्थापन गर्ने सम्बन्धी ।
१५. "घ" बर्गको निर्माण व्यवसायी ईजाजत जारी गर्ने सम्बन्धी
१६. आ.व. २०७७/७८ को मनसुन जन्य विपद पुनर्निर्माणको लागि रकम व्यवस्था गर्ने सम्बन्धी ।
१७. गण्डकी बहुप्राविधिक शिक्षालयको वार्षिक बजेट स्वीकृत गर्ने सम्बन्धी ।
१८. बजेट शिर्षक परिवर्तन रकमान्तर गर्ने सम्बन्धी ।
    क) शिक्षा महाशाखा
    ख) स्वास्थ्य शाखा
    ग) योजना संशोधन तथा रकमान्तर गर्ने अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी ।
१९. LISA को प्रतिबेदन सार्वजनिक गर्ने सम्बन्धी ।
२०. निजी लगानीमा Digital Hording Board निर्माण गर्न अनुमति दिने कार्यविधि सम्बन्धी ।
२१. नेपाल विधुत प्राधिकरण संगको साझेदारीमा स्मार्ट सडक बत्ती राख्न नपुग रकम स्रोत सुनिश्चित गर्ने सम्बन्धी ।
२२. विविध ।

५२ औं कार्यपालिकाका निर्णयहरु (मिति २०७८/०७/०५)

निर्णयहरु :

निर्णय नं. १

मिति २०७८ श्रावण १ गते विहान अचानक स्वास्थ्यमा समस्या आई उपचाररत रहनु भएको नगर प्रमुख श्री मान वहादुर जि.सी.को स्वास्थ्य उपचारका लागिरु ३०,००,००० (तीस लाख) आर्थिक सहायता गर्ने । उक्त रकम बजेट खर्च शिर्षक २८५११ भैपरी आउने शिर्षकमा विनियोजित रकम मध्येबाट बजेट खर्च शिर्षक २७२१९ "अन्य सामाजिक सहायता" शिर्षकमा रकमान्तर गरि भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष ०७८।७९ को लागि पोखरा महानगरपालिका क्षेत्रमा निर्माण तथा खरिद गरिने कार्यहरुको प्रयोजनको लागि निर्माण सामाग्री तथा ज्यालाका दरहरु समेटिएको बार्षिक दररेट पुस्तिका स्वीकृत गरियो ।

निर्णय नं. ३

प्रचलित वातावरण ऐन तथा नियमावली वमोजिम प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने भै, महानगरपालिकाले स्वीकृत गरेको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परीक्षण कार्यविधि, २०७७ वमोजिम महानगरपालिकावाट कार्य क्षेत्र गत शर्त (TOR) स्वीकृत गराई सोही वमोजिम प्रतिवेदनहरु तैयार गरी स्वीकृतिको लागि पेश भएका निम्न प्रस्तावकहरुका प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवदेनहरु अध्ययन गरी आगामी बैठकमा पेश गर्न निम्न वमोजिमको समिति गठन गर्ने ।

सि.नं.	प्रस्तावहरु	ठेगाना
१	एस.पालिखे समेत (मसिना ओखलढुंगा एकिकृत कृषि फार्म)	पोखरा १४
२	दि अन्नपूर्ण हाउजिङ प्रा.लि.	पोखरा १४
३	अतिथि स्वीट्स प्रा.लि.	पोखरा ६
४	पोखरा इभेन्ट सेण्टर	पोखरा ६
५	सुर्केडांडा (मेषरेल्ल शाक्य समेत)	पोखरा ३०

समितिका सदस्यहरु :

१) श्री लेख वहादुर तामाङ (अध्यक्ष वडा नं. १३) सदस्य
२) श्री शंकर वास्तोला (अध्यक्ष वडा नं. ४) सदस्य
३) श्री खगराज आचार्य (अध्यक्ष वडा नं. २१) सदस्य
४) श्री पूर्ण वहादुर गुरुङ, वरिष्ठ ईन्जिनियर सदस्य सचिव

निर्णय नं. ४

पोखरा महानगरपालिकाले हाल वडा नं. १४ मा संचालन गरिरहेको स्यानीटरी ल्याण्डफिल्ड साइटलाई स्थानान्तरण गर्ने प्रयोजनको लागि उपयुक्त जग्गाको खोजी गर्न गठन गरिएको समितिले पेश गरेको प्रतिवेदनको सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो :

क) समितिलाई उसले सम्पादन गरेको कार्यको लागि धन्यवाद् ज्ञापन गर्ने ।

ख) प्रस्तावित क्षेत्रका स्थानीय वासिन्दाहरु तथा सरोकारवालाहरु संग समन्वय गर्न निम्न वमोजिमको समन्वय तथा सहजिकरण समिति गठन गर्ने :

१) श्री शोभामोहन पौडेल (अध्यक्ष वडा नं.१९)- सदस्य

२) श्री रामराज लामिछाने (अध्यक्ष वडा नं.९) -सदस्य

३) लेखवहादुर तामाङ (अध्यक्ष वडा नं.१३)-सदस्य

४) मोहन प्रसाद वास्तोला(अध्यक्ष वडा नं.११)-आमन्त्रित

५) सिम वहादुर गुरुङ(अध्यक्ष वडा नं.२०)- आमन्त्रित

६) जीवन आचार्य(अध्यक्ष वडा नं.१६)- आमन्त्रित

७) श्री कल्पना बराल -सदस्य सचिव

स्थानीय सरोकारवालाहरु संग यस समितिले, एक हप्ता भित्र समन्वय र सहजिकरणको पहल गर्ने तथा प्रस्तावित आयोजना कार्यान्वयनको खाका, वातावरण तथा सामाजिक प्रभावको न्यूनिकरण तथा स्थानीय चासो सम्बोधनका विकल्पहरुको विषयमा छलफल गर्ने ।

ग) पोखरा महानगरपालिकाको ल्याण्डफिल्ड साइट स्थानान्तरण गर्ने प्रयोजनको लागि अनुसूची-१(क) वमोजिमको जग्गाहरु कानुन वमोजिम प्राप्त गर्ने । उक्त प्रयोजनको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. वमोजिम उक्त जग्गाको मुआब्जा यस महानगरले नै व्यहोर्ने गरी सो जग्गा प्राप्त गराई दिन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

घ) पोखरा महानगरपालिकाको ल्याण्डफिल्ड साइट स्थानान्तरण गर्ने प्रयोजनको लागि अनुसूची- १(ख) वमोजिमको सार्वजनिक तथा सरकारी जमीन (बन क्षेत्र समेत) सोही प्रयोजनको लागि भोगाधिकार वा निशुल्क लिजमा उपलब्ध गराउन जिल्लातहमा गर्नु पर्ने कानुन वमोजिमको प्रकृया पुरा गरी नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

ङ) सहजिकरण समितिले प्रतिवेदन पेश गरेपछि जग्गा प्राप्तिको प्रकृया आरम्भ गर्ने र यो प्रकृया आरम्भ भएपछि छनौट गरिएको स्थानको Master Plan तथा वातावरणीय अध्ययन प्रतिबेदन तैयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ५

यस महानगरपालिकाले सार्वजनिक निजी साझेदारी अन्तर्गत फोहोर मैला संकलन तथा व्यवस्थापन गर्न ६(छ) वटा कम्पनीलाई जिम्मा दिईएकोमा ति कम्पनीहरुको म्याद मिति २०७८ आषाढ मसान्तमा समाप्त भएको र तत्काल लैण्डफिल साईटको बैकल्पिक प्रबन्ध भै नसकेकाले र सरसफाई कार्य रोक्न नहुने भएकाले अर्को निर्णय नभएसम्म ६ महिनाको लागि नगर सभाले निर्धारण गरेको नीति बमोजिम कम्पनीहरुले आफ्नै विल प्रयोग गरि नियमानुसार सरसफाई व्यवस्थापन कार्य गर्न मिति २०७८ पौष मसान्त सम्म म्याद थप गर्ने ।

निर्णय नं. ६

आर्थिक वर्ष ०७७।७८ को अन्तिम समयमा भुक्तानी माग गरी फाइल पेश भएका र भुक्तानी हुन नसकेको उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको विषयमा अध्ययन गरी, आगामी बैठकमा प्रतिवेदन पेश गर्न निम्न बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

१) श्री ओम गौचन- सदस्य
२) श्री पूर्ण बहादुर गुरुङ- सदस्य
३) श्री यशोधा भट्टराई- सदस्य
४) श्री ख्याम नारायण पौडेल- सदस्य
५) ई. पूर्ण बहादुर गुरुङ्ग- सदस्य सचिव

निर्णय नं.: ७

स्थानीय सरकार संचालन ऐन, ०७४ को दफा ४२ बमोजिम पोखरा महानगरपालिका क्षेत्रमा निर्मित घर तथा संरचनाहरुको अभिलेखीकरण गर्ने म्याद ०७८ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

पोखरा महानगरपालिकाको खानेपानी उपभोक्ता समिति दर्ता तथा व्यवस्थापन संग सम्बन्धित कार्यविधि स्वीकृत गरी, विद्यायन समितिको प्राविधिक सहयोगमा उक्त कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो । कार्यविधिको मस्यौदा अनुसूची-२ मा संलग्न छ ।

निर्णय नं. ९

पोखरा क्षेत्रमा भै रहेको फोहरमैला व्यवस्थापन पद्धतिमा रचनात्मक सुधार गर्ने गरी UNDP तथा कोरिया सरकारको दातृ निकाय KOICA, Nepal को आर्थिक सहयोगमा संचालनको लागि प्रस्ताव गरिएको Green Venture Zone (Green Job Creation through Recycling Project) समेतका गतिविधि संलग्न भएको फोरहमैला व्यवस्थापन संग सम्बन्धित परियोजना यस महानगरपालिकामा संचालनको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत विनियोजन ऐन वमोजिम प्रकाशित भएको रातो किताबमा समावेश भएका निम्न योजनाहरु वहुवर्षिय योजनाको रुपमा स्वीकृत गरी खरिद कारवाही अगाडि वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो । उक्त योजनाहरुको लागि आगामी आर्थिक वर्षमा आवश्यक स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

क्र.सं.	योजनाको नाम	वडा नं.	लागत अनुमान रकम रु.(लाखमा)	चालु आ.व.मा विनियोजित रकम रु.(लाखमा)	आगामी आ.व.मा आवश्यक रकम रु.(लाखमा)	कैफियत
१	घाँटिछिना दमदमे पञ्चासे कनेक्टिङ सडक	२३	५९९.००	३००.००	२९९.००	
२	कात्रे बाम्दी घाँटिछिना कनेक्टिङ सडक	२३	७५३.००	३५०.००	४०३.००	
३	ठुलढुङगा सुर्ताने चैनपुर कनेक्टिङ सडक	३३	६९७.००	४००.००	३९७.००	
४	वास्कोट वडा कार्यालय २४ देउराली सडक	२४	७१४.००	२६०.००	४५४.००	
५	ओर्लाङखोला पुल	१८	-	१००.००	-	
६	खुदी खोला पुल १	३०,३२	-	१००.००	-	
७	खुदी खोला पुल २	३२		१००.००	-	
८	खहरेखोला पुल	१४,१५	-	१००.००	-	
९	चौवादी सुरौदीखोला पुल	१४,१५	-	२२०.००	-	
१०	ठुली मौजा संरचना टोल	१४	-	८०.००	-	
११	हाँडीखोला पुल	२३	-	१००.००	-	
१२	वडा नं.६ को भवन	६	७००.००	१००.००	६००.००	
१३	वडा नं. ३१ को भवन	३१	५७०.००	१००.००	४७०.००	१३
१४	भलाम- मौजा सडकको वाँकी खण्ड	२०	२५०.००	१५०.००	१००.००	रु.१,५०,०००।- टेण्डरबाट बचेको रकमबाट व्यहोर्ने

निर्णय नं. ११

पोखरा महानगरपालिकाको विपद् व्यवस्थापन महाशाखा, अग्नी नियन्त्रण एकाईमा आवश्यक जनशक्ति, हाल कार्यरत इच्छुक कर्मचारीहरुबाट पूर्ति गर्ने गरी सूचना जारी गरिएकोमा उक्त एकाइमा काम गर्न भनी निम्न वमोजिम ६ (छ)जना कर्मचारीहरुले निवेदन पेश गरेकोले निजहरुलाई अग्नी नियन्त्रण एकाईको लागि तोकिएको सुविधा पाउने गरी सेवा करार संझौता गरी, स्थानान्तरण मार्फत पदपूर्ति गर्ने निर्णय गरियो ।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विभिन्न सेवा शर्तमा कार्यरत रही आकस्मिक सेवा (दमकल) मा जान चाहने कर्मचारीहरुको विवरण

क्र.सं.	कर्मचारीको नाम	पद	कार्यरत स्थान	नियुक्तिको प्रकार	शैक्षिक योग्यता
१	श्री पृथ बहादुर गुरुङ्ग	सुरक्षा गार्ड	वडा नं. २६	दैनिक ज्यालादारी, वडा तर्फ	९ पास
२	श्री टेक नाथ अधिकारी	कार्यालय सहयोगी	शिशुवा अस्पताल	सेवा करार	S.L.C.
३	श्री अशोक लामिछाने	कार्यालय सहयोगी	स्वास्थ्य महाशाखा	सेवा करार	प्लस टु
४	श्री विसे राई	भान्से	प्र.प्र.अ. निवास	सेवा करार	५ पास
५	श्री सुबास परियार	कार्यालय सहयोगी	आयूर्वेद कार्यालय वेगनास	सेवा करार	SEE
६	श्री मित्र वन्धु ढकाल	कुचिकार	घर नक्शा शाखा, पो.म.न.पा.	दैनिक ज्यालादारी	टेस्ट पास

निर्णय नं. १२

नगर कार्यपालिकाको विभिन्न मितिको निर्णयले गठन गरेका निम्न समितिहरुमा निम्न वमोजिम सदस्य हेरफेर तथा परिवर्तन गर्ने :

क) प्रस्तावित Land Use Plan अध्ययन गरी सिफारिश गर्न गठन गरेको समितिमा ई. कविता पौडेल र सदस्य सचिव मा व.ई. पूर्णबहादुर गुरुङ्गलाई सदस्य तोक्ने गरि गरेको निर्णय अनुमोदन गरियो ।

ख) फिर्के खोला, फुस्रे खोला, पार्दीखोला तथा गुप्तेश्वर क्षेत्रको मापदण्ड सम्बन्धमा अध्ययन गर्न गठन गरिएको समितिमा संयोजक श्री देश बाहिर रहेकोले नगर प्रमुखले संयोजक तोक्ने र ब.ई सुरेन्द्र पाण्डे लाई सदस्य सचिव तोक्ने निर्णय गरियो ।

निर्णय नं. १३

सिफारिश समितिको सिफारिशका साथ पेश हुन आएका "घ" वर्गको निर्माण व्यवसाय सम्बन्धी इजाजत पत्र माग गरेका तपशिलका आवेदकहरुको आवेदन स्वीकृत गरी कानुन वमोजिम इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

१. थापा कन्स्ट्रक्सन, पोखरा-१७
२. प्रेष्टिज ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. पोखरा-१७
३. आँधिखोला ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. पोखरा-१७
४. रानीमहल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. पोखरा-१५
५. खुकुरी कन्स्ट्रक्सन प्रा.लि.
६. माया देवी कन्स्ट्रक्सन, पोखरा- २६
७. आर.एस. ग्रुप अफ कन्स्ट्रक्सन कम्पनी प्रा.लि. पोखरा-१३
८. टु यारोज आर्किटेक्स प्रा.लि., पोखरा-१०
९. युक्का कन्स्ट्रक्सन, पोखरा-१७
१०. लामाचौर थापा ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., पोखरा-१९
११. एरिका डेभलपर्स प्रा.लि., पोखरा-११

निर्णय नं. १४

पोखरा महानगरपालिका क्षेत्रमा मनसुनजन्य विपद्को कारणले घरवार विहीन भएका परिवारहरुको लागि नेपाल सरकारले जारी गरेको मनसुन जन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम घर पुनःनिर्माण गर्ने प्रयोजनको लागि प्राप्त भएका निवेदनहरु उक्त कार्यविधिले तोकेको प्रकृया पुरा गरी लाभग्राही छनौट गर्ने । सो प्रयोजनको लागि महानगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने अंश हालको लागि प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने र उक्त कोषमा आवश्यक थप बजेटको व्यवस्था मिलाउने ।

निर्णय नं. १५

पोखरा महानगरपालिकाद्धारा संचालित गण्डकी बहुप्राविधिक शिक्षालयको आर्थिक बर्ष ०७८।७९ को बार्षिक बजेट स्वीकृत गर्ने निर्णय गरियो । बजेटको बाडफाट अनुसूची-३ मा संलग्न छ ।

निर्णय नं. १६

आर्थिक बर्ष ०७७।७८ मा संचालित ५०-५० प्रतिशतमा संचालन गर्ने गरी प्रबन्ध गरिएका र बोलपत्र मार्फत कार्यान्वयन गरिएका आयोजनाको हकमा बोलपत्रको क्रममा लागत अनुमान भन्दा कम अंक कबोल अंक कायम भै कम लागतमा सम्पन्न भएका आयोजनाहरु, उपभोक्ताले जम्मा गरेको बचत रकम सोही अनुपातमा फिर्ता गर्ने निर्णय गरियो । यसको लागि उपयुक्त शिर्षकबाट रकमान्तर गरी फिर्ता खर्च शिर्षकमा रकम व्यवस्था गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

आर्थिक बर्ष ०७८।७९ को लागि स्वीकृत विनियोजन ऐन बमोजिम प्रकाशित भएको रातो किताबमा समावेश भएका निम्न योजना तथा कार्यक्रम तथा शिर्षकमा विनियोजन भएको रकम विनियोजन ऐनको दफा ४(२) ले तोकेको २५ प्रतिशतको सीमा नाघेकोले, उक्त रकमान्तर स्वीकृत गरी समर्थनको लागि आगामी नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

	विभिन्न सरुवा रोग तथा महामारी कार्यक्रम (जोखिम भत्ता समेत)				
३११२१	सवारी साधन एम्बुलेन्स खरिद गत आ.व.को क्रमागत	०	०	४८००००।-	४८००००।-
	जम्मा	३००००००	४८००००	४८००००	३०००००।-

(ग) अन्य

कार्यक्रमको नाम	खर्च शिर्षक		संसोधित खर्च शिर्षक		
नेपाल रेडक्रस कास्की रक्त संचार सेवाको भवन निर्माण	३१११२	२५००००।-	नेपाल रेडक्रस कास्की रक्त संचार सेवाको भवन निर्माण अनुदान २६४२२		२५००००।-
जिल्ला प्रहरी कार्यालय अनुदान	२६४२२	३०००००।-	घटी १६०००००।-	०	१४००००।-
	३१११२	०	०	बढी १६०००००।-	१६०००००।-

निर्णय नं. १८

आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत विनियोजन ऐन वमोजिम प्रकाशित भएको रातो किताबमा समावेश भएका योजना तथा कार्यक्रमहरुको हकमा, अवण्डा रकम वाँडफाँट गर्ने, विनियोजन ऐनको दफा ४(२) को सीमा सम्म रकमान्तर तथा स्रोतान्तर गर्ने, तथा कार्यक्रम संशोधन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने । यसै गरि माफी मिनाहा दिने बाहेक आय व्यवस्थापनका कार्यहरु गत विगत जस्तै राजश्व परामर्श समितिले गर्ने गरी जिम्मेवारी दिने ।

निर्णय नं.१९

पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन गरेका कार्यहरुको सन्दर्भमा नेपाल सरकारले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ वमोजिम गरिएको स्वमूल्यांङ्कनबाट प्राप्त नतिजा महानगरपालिकाको वेव पेज मार्फत सार्वजनिक गर्ने निर्णय गरियो । उक्त मूल्यांकन अनुसार महानगरको कुल ४४.२५ अंक प्राप्त गरेको कुरा बैठकलाई जानकारी गराईयो ।

निर्णय नं. २०

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७७।१२।२७ को वैठकले निर्धारण गरेको नीति वमोजिम, महानगर क्षेत्रमा निजी घर जमीनमा डिजिटल होर्डिङ बोर्ड राख्न अनुमति दिने सम्बन्धी कार्यविधि स्वीकृत गरी, विद्यायन समितिको प्राविधिक सहयोगमा उक्त कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो । कार्यविधिको मस्यौदा अनुसूची-४ मा संलग्न छ ।

निर्णय नं. २१

पोखरा महानगरपालिका र नेपाल विद्युत प्राधिकरणको ५०-५० प्रतिशतको साझेदारीमा पोखराको सहरी क्षेत्र तथा चोकहरुमा जडान गर्ने भनिएको स्मार्ट सहरी वत्तीको प्रयोजनको लागि नेपाल विद्युत प्राधिकरणले गरेको खरिद प्रकृयाबाट रु १२,७५,८९,०९१।- बाह्र करोड पचहत्तर लाख उनानब्बे हजार एकानब्बे रुपियामा वोलपत्र स्वीकृत गर्न नेपाल विद्युत प्राधिरणबाट प्रतिवद्धता वमोजिमको रकम माग भै आएकोमा, खरिदको बाँकी कामको विषयमा प्राधिकरण नै जिम्मेवार हुने गरी, चालु आर्थिक बर्षमा विनियोजन भएको रु ५ करोड निकासा गरी त्यसको अलावा रु १,३७,९४,५४५।- (एक करोड सैतिस लाख चौरानब्बे हजार पाँचसय पैचालिस रुपिया) को हकमा आगामी आर्थिक बर्षको लागि स्रोत सुनिश्चित गरी त्यसको जानकारी दिने ।

निर्णय नं. २२

गत आ.व.२०७७/०७८ मा चालु प्रबृत्तिका खर्चहरु आ. व. को अन्तिममा बिल प्राप्त भै भुक्तानी हुन नसकेका विलहरुको लागि चालु आ.व. को बजेट खर्च शिर्षक नं. भैपरि आउने चालु २८९११ मा विनियोजन भएको रकमबाट सम्बन्धित शिर्षकमा रकमान्तर गरि भुक्तानीको व्यवस्था मिलाउने ।

निर्णय नं. २३

गत आ.व. मा खर्च भै सोही आ.व.को अन्तमा भुक्तानी दिएको रकम चेक नसाटिएको कारण चेक फिर्ता सहित रकम भुक्तानी माग्न आएमा सोही महाशाखाको चालु आ.व.को विनियोजित मिल्दो खर्च शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. २४

यस महानगरपालिकाको वडा नं. ९ को कार्यालय तीन वर्षको लागि भाडामा बसेको भवनको भाडामा बसेको २ वर्ष पुरा भै १० प्रतिशत भाडा बृद्धि गर्न माग भएको, सम्झौतामा दुई वर्ष पछि दश प्रतिशत भाडा बृद्ध गर्ने कुरा उल्लेख भै सकेकाले सो अनुसार साविकको भाडा दरमा दश प्रतिशत भाडा बृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

पोखरा महानगरपालिका वडा नं. ८, पुरानो दमकल परिषरमा निर्माण हुन गै रहेको महानगरको प्रशासनिक भवनको वोलपत्र स्वीकृत भएको व्यहोरा वैठकमा जानकारी भयो । उक्त भवनको शिलान्यास अविलम्व गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको तर्फबाट बादी प्रतिवादी पुनरावेदन निवेदन सम्मानित जिल्ला, उच्च र सर्वोच्च अदालतमा चल्ने र हाल सम्म चलिरहेका मुद्धाहरुमा पुर्पक्षका लागि वादी, प्रतिवादी, निवेदन, लिखित जवाफ वकालतनामा दर्ता गर्न पोखरा महानगरपालिकाको तर्फबाट नगर प्रमुख र पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

अनुसूची-१क

साविक अर्मला गाविस वडा नं. ८, हाल पोखरा महानगरपालिका वडा नं. १६ मा रहेको तपसिल वमोजिमको निजी जग्गाहरुको कि.नं., क्षेत्रफल, जग्गाधनीहरुको नाम यस प्रकार रहेको छ।

क्र.सं.	जग्गाधनीहरुको नाम	साविक वडा नं.	हाल वडा नं.	कित्ता नम्बर	क्षेत्रफल	कैफियत
१	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	३७०	५-२-१-२	
२	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	४१४	२-१४-३-२	
३	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	४१३	३-७-१-३	
४	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	३९२	०-४-०-१	
५	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	३९३	०-५-३-३	
६	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	३९६	०-१२-०-३	
७	सन्तोष बास्तोला	अर्मला-८	पोखरा-१६	३८०	३-३-२-१	
८	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	३६६	५-१-३-२	
९	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	३६८	२-४-२-३	
१०	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	४१०	१-१-३-०	
११	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	३८७	५-१५-२-०	
१२	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	३८४	०-४-२-२	
१३	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	३८९	२३-५-३-२	
१४	सिता देवी वास्तोला	अर्मला-८	पोखरा-१६	३९१	५-२-१-०	
१५	लेमन फर्म हाउस प्रा.लि.	अर्मला-८	पोखरा-१६	३७१	६-१३-३-३	
१६	लेमन फर्म हाउस प्रा.लि.	अर्मला-८	पोखरा-१६	४१७	५-९-०-३	
१७	लेमन फर्म हाउस प्रा.लि.	अर्मला-८	पोखरा-१६	३९०	९-३-३-१	
१८	लेमन फर्म हाउस प्रा.लि.	अर्मला-८	पोखरा-१६	३९७	४-३-१-१	
१९	सन्तोष पौडेल	अर्मला-८	पोखरा-१६	४१२	२-२-३-३	
२०	सन्तोष पौडेल	अर्मला-८	पोखरा-१६	४२०	३-२-३-१	
२१	राजेश राई	अर्मला-८	पोखरा-१६	३६७	२-४-०-३	
२२	कृष्ण प्रसाद जैसी	अर्मला-८	पोखरा-१६	३६९	४-१०-२-१	
२३	कृष्ण प्रसाद जैसी	अर्मला-८	पोखरा-१६	३८८	३-१५-२-०	
२४	कृष्ण प्रसाद जैसी	अर्मला-८	पोखरा-१६	३८६	२-२-१-०	

२५	कृष्ण प्रसाद जैसी	अर्मला-८	पोखरा-१६	३७५	१-५-३-२	
२६	कृष्ण प्रसाद जैसी	अर्मला-८	पोखरा-१६	३७९	२-९-०-१	
२७	अम्वर बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४२१	१-१५-१-३	
२८	नन्द कुमारी गुरुङ्गसेनी	अर्मला-८	पोखरा-१६	४२२	३-१५-०-१	
२९	गुरु प्रसाद आचार्य	अर्मला-८	पोखरा-१६	४२३	३-२-३-०	
३०	गुरु प्रसाद आचार्य	अर्मला-८	पोखरा-१६	४२४	२-३-१-२	
३१	गुरु प्रसाद आचार्य	अर्मला-८	पोखरा-१६	४२५	४-२-१-२	
३२	गुरु प्रसाद आचार्य	अर्मला-८	पोखरा-१६	४१५	१-०-१-३	
३३	चिरनजिवी बराल	अर्मला-८	पोखरा-१६	४२६	१-१३-१-०	
३४	लक्ष्मी कार्की	अर्मला-८	पोखरा-१६	४१८	३-५-२-२	
३५	डम्वर बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४१६	२-६-३-१	
३६	गोविन्द प्रसाद बास्तोला	अर्मला-८	पोखरा-१६	४०८	२-१५-२-०	
३७	खेमलाल गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४०९	०-८-०-२	
३८	सोमलाल गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४०७	१-५-०-२	
३९	नर र जगत बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४०६	१-१३-३-०	
४०	जसमाया गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४०४	३-१३-३-०	
४१	अनिता सुवेदी आचार्य	अर्मला-८	पोखरा-१६	४०५	७-११-०-३	
४२	केसकुमारी गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४०३	१०-३-१-३	
४३	हरिमाया वास्तोला	अर्मला-८	पोखरा-१६	४०२	२-७-०-०	
४४	रुनकुमारी गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४०१	६-१३-०-०	
४५	चिरजीवी बराल	अर्मला-८	पोखरा-१६	३८३	१-९-३-१	
४६	सुमित्रा आचार्य	अर्मला-८	पोखरा-१६	३९८	२-८-३-२	
४७	सुमित्रा आचार्य	अर्मला-८	पोखरा-१६	३९५	७-१२-३-३	
४८	गंविरे कामी	अर्मला-८	पोखरा-१६	३९९	०-१४-०-२	
४९	मैया सुवा गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४८७	०-१४-०-३	
५०	मिन बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४९९	२-१०-०-२	
५१	ईन्द्र बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	३९४	०-१०-२-१	
५२	ईन्द्र बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४९८	२-१०-०-३	
५३	ईन्द्र बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४८९	२-९-०-१	

५४	पूर्ण बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	४८८	२-६-१-०	
५५	फुलवती गुरुङ्गसेनी	अर्मला-८	पोखरा-१६	३६४	८-११-१-०	
५६	शेर बहादुर गुरुङ्ग	अर्मला-८	पोखरा-१६	३६५	७-८-३-१	
५७	होम बहादुर दमै	अर्मला-८	पोखरा-१६	३८१	११-१५-३-२	
५८	तेज बहादुर कामी	अर्मला-८	पोखरा-१६	३८२	३-२-१-१	
५९	चिरनजीवी बराल	अर्मला-८	पोखरा-१६	३७६	१-१-१-१	
६०	" "	अर्मला-८	पोखरा-१६	३७८	३-११-३-२	
६१	चन्द सुवा गुरुङ्गसेनी	अर्मला-८	पोखरा-१६	२७७	१-१-१-१	
जम्मा क्षेत्रफल (रोपनी)					२३१-५-१-	

अनुसूचि -१ख

सार्वजनिक जग्गाहरु :

१	भिर	अर्मला-८	पोखरा-१६	३७७	२०-८-१-३	
२	पर्ति	अर्मला-८	पोखरा-१६	४१९	५-६-०-२	
३	पर्ति	अर्मला-८	पोखरा-१६	४११	६८-१४-०-०	
जम्मा क्षेत्रफल (रोपनी)					९४-१२-२-१	

(क) शिक्षा महाशाखा तर्फ :-

कार्यक्रमको नाम	सांविक खर्च शिर्षक	विनियोजित बजेट	संशोधन हुने नाम	रकमान्तर संशोधन हुनेखर्च शिर्षक	कायम हुने बजेट
बाल विकास का.स.का. कार्यालय सहयोगी र विधालय लेखा कर्मचारीहरुको थप पारिश्रमिक	२२४१३	४,५०,००००।-	बाल विकास का.स.का. कार्यालय सहयोगी र विधालय लेखा कर्मचारीहरुको थप पारिश्रमिक	२६४१३	४,५०,००००।-
स्वास्थ्य महाशाखाको २१११११, २५३१२, को रकमा विभिन्न कार्यक्रम तथा खर्च शिर्षकमा बांडफांड	शशर्त	१०,४१,००००।			

(ख) स्वास्थ्य महाशाखा तर्फ :-

कार्यक्रमको नाम	सांविक खर्च शिर्षक	विनियोजित बजेट	संशोधन हुने नाम	रकमान्तर संशोधन हुनेखर्च शिर्षक	कायम हुने बजेट
स्वास्थ्य महाशाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरु	८०४३९२०१५११ शशर्त	९,७६,००००।-	कर्मचारी तलव भत्ता, कार्यलय संचालन तथा अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु	रकम बाँडफँड	९७६,००००।-
बेगनास आयुर्वेद औषधालयको चालु तथा कार्यक्रम बजेट	,,	३१९२०००।-	कर्मचारी तलव भत्ता, कार्यलय संचालन तथा अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु	रकम बाँडफँड	३१९२०००।-
शिशुवा आयुर्वेद औषधालयको चालु तथा कार्यक्रम बजेट	,,	३३०८०००।-	कर्मचारी तलव भत्ता, कार्यलय संचालन तथा अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु	रकम बाँडफँड	३३०८०००।-
बजेट उपशिर्षक नं. ८०४३९२०१३२१			रकमान्तर बाँडफँड		

खर्च शिर्षक नं.	खर्च शिर्षक	शुरु विनियोजन	घटी	बढी	रकमान्तर पश्चात कायम हुने
२२५२२	कोरोना लगायत	३००००००।-	४८०००००-	०	२५२००००।-

अनुसूचि-२

पोखरा महानगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८

प्रस्तावना :- पोखरा महानगर क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानीको तथा सरसफाई उपभोक्ता समितिको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २(ध) र सोही ऐनको दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकावाट स्वीकृत भइ खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि वनाइएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम "पोखरा महानगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८ " रहेको छ ।

२) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ।

२) परिभाषा : विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क) "**खानेपानी**" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनु पर्छ।

ख) "**प्रमुख**" भन्नाले पोखरा महानगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ।

ग) "**उप-प्रमुख**" भन्नाले पोखरा महानगरपालिकाका नगर उप-प्रमुख सम्झनु पर्छ।

घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ङ) " **खानेपानी उपभोक्ता समिति**" भन्नाले विधान अनुसार गठन भइ यस कार्यविधिको दफा ४ वमोजिम गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्छ।

च) "**जलस्रोत व्यवस्थापन समिति**" भन्नाले महानगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन, मुल सहित आधिकारीक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न, महशुल निर्धारण गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि महानगरपालिकामा गठन हुने जलस्रोत व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

छ) "तोकिएको " वा "तोकिए वमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत वनेको नियम निर्देशिकामा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्छ।

३) **उपभोक्ता समिति दर्ता गर्नुपर्ने व्यवस्था** :- (१) सामुहिक लाभको लागि संथागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले दफा ४ वमोजिम प्रक्रिया पुरा गरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) वमोजिम गठन गरिएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति पोखरा महानगरपालिका समक्ष दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम दर्ता भएको उपभोक्ता समिति अविछिन्न उत्तराधिकारवाला स्वचालित संगठीत संस्था हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ। समितिले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामवाट नालिस उजुर लाग्नेछ।

४) **खानेपानीको मूल सहित समिति दर्ता गर्नुपर्ने** :- (१) महानगरपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ। खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) तथा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नका लागि महानगरपालिका समक्ष अनुसूची १ बमोजिम दरखास्त पेश गर्नुपर्नेछ । माग भए पछि समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा महानगरपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिको निर्णयानुसार अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ।

२) उपदफा (१) बमोजिम समिति दर्ता गर्न चाहने कुनै समिति वा संस्थाले कम्तीमा सात जना वा सो भन्दा बढी समितिका व्यक्तिहरु भएको समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।उक्त खानेपानी तथा सरसफाई उपभोक्ता समिति पालिकामा दर्ता भई सकेपछि मात्र खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफ्नो कामकाज अगाडी बढाउन पर्नेछ ।

३) उपदफा (२) बमोजिम् दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको समय अवधी प्रत्येक आर्थिक वर्षको मसान्त सम्म मात्र हुनेछ । संस्थाको समय अवधी समाप्त भएमा अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम संस्थाको समय अवधी समाप्त भएको मितिले बढिमा ९० दिन भित्र अनिवार्य रुपमा संस्था नविकरण गर्नुपर्नेछ ।

५) उपदफा २ बमोजिम पेश गर्नुपर्ने विधानमा तपसिल बमोजिमको विवरणहरु अनिवार्य खुलाउन पर्नेछ।

(क) पूरा नाम र ठेगाना
(ख) उद्देश्य तथा कार्यक्षेत्र
(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क
(घ) सदस्यको निष्काशन राजिनामा
(ङ) हक दावी ,नामासारी वा हकवालाको मनोनयन
(च) साधारण सभा सम्बन्धी
(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)
(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था
(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि
(ञ) कोष र लेखापरिक्षण
(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी
(ठ) दण्ड जरिवाना सम्बन्धी
(ड) संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम
(ढ) विधान संशोधन
(ण) विघटन
(त) विविध

६) उपदफा ५ बमोजिमको उपभोक्ता समितिको विधान संशोधन गर्नुपर्ने भएमा विधान संसोधनको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा जलस्रोत व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ र जलस्रोत व्यवस्थापन समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

७) उपदफा १ बमोजिम दरखास्त प्राप्त भएपछि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा खानेपानी व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ। जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जलस्रोत व्यवस्थापन समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद राखी दरखास्त दर्ता भएको मितिले १५ दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

५) **जलस्रोत उपयोगको प्राथमिकता क्रम** :- (१) पोखरा महानगरपालिकाको क्षेत्र भित्रकव जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्छ।

क) खानेपानी र घरेलु उपयोग
ख) सिँचाइ,
ग) पशुपालन,
घ) सिँचाइ,
ङ) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,
च) साना जलविद्युत,
छ) साना तथा घरेलु उद्योग,
ज) जल यातायात

(२) उपदफा (१) बमोजिम जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा ६ बमोजिम गठीत समितिले दफा ४ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्ने छ। यसरी निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ।

६) **जलस्रोत व्यवस्थापन समिति सम्बन्धि व्यवस्था** :- (१) पोखरा महानगर भित्र रहेको जलस्रोत उपयोगको आवश्यक संरक्षण अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने अनुमती खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय खानेपानी व्यवस्थापन समिति रहनेछ।

क) प्रमुख	संयोजक
ख) उपप्रमुख	सदस्य
ख) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
ग) सम्बन्धीत वडाको वडा अध्यक्ष	सदस्य
घ) कार्यपालिकाले तोकेको एक जना १जना नगरसभा सदस्य	सदस्य
ङ) नेपाल खानेपानी संस्थान, पोखरा शाखा प्रमुख	सदस्य
च) वातावरण तथा विपद व्यवस्थापन महाशाखा प्रमुख	सदस्य
छ) पूर्वाधार विकास महाशाखा प्रमुख	सदस्य

ज) खानेपानी तथा सरसफाई शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको जलस्रोत व्यवस्थापन समितिको वैठक सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको जलस्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) जलस्रोत संरक्षण विकास उपयोग र सर्वेक्षण सम्वन्धमा इजाजत पत्र प्रदान गर्न निर्णय गर्ने,

ख) जलस्रोत उपयोग सम्वन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गर्ने,

ग) जलस्रोत उपयोग सम्वन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जांचवुझ गर्ने गराउने।

घ) उपनियम (ग) बमोजिम जाँच गर्दा वा गराउँदा शर्त बमोजिम जलस्रोतको उपयोग भए वा नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानून बमोजिम कारवाही गर्ने।

ङ) जलस्रोत संरक्षण, विकास, उपयोग र सर्वेक्षण सम्वन्धी क्रियाकलाप गरिरहेका व्यक्ति वा संस्थाको जुनसुकै वखत अनुगमन गर्न सक्नेछ।

७) **दर्ता तथा नवीकरण शुल्क सम्वन्धि व्यवस्था** :- (१) यो कार्यविधि लागू हुँदाको बखत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता शुल्क रु ५००। र नवीकरण शुल्क रु २००। हुनेछ । साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएका समितिको हकमा कार्यविधि लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ।

(२) उपदफा १ बमोजिमको दर्ता शुल्क र नवीकरण शुल्कमा प्रत्येक आर्थिक वर्ष राजश्व परामर्श समितिको निर्णयानुसार महानगरपालिकाले हेरफेर गरेमा सोही बमोजिम हुनेछ ।

८) **समितिको वर्गिकरण**:- दर्ता अनुमती प्राप्त गरी महानगर क्षेत्रभित्र संचालन रहका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनवाट खानेपानी उपलव्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्नानुसार उपभोक्ता समितिको वर्गिकरण हुनेछ।

(क) १००१ जना वा सो भन्दा वढी उपभोक्ता सदस्य भएको (क वर्ग)

(ख) ५०१ देखि १००० जना सम्म उपभोक्ता सदस्य भएको (ख वर्ग)

(ग) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

९) **उपभोक्ता समितिले सेवा शुल्क तथा महशुल निर्धारण गर्न सक्ने** :- (१) महानगर क्षेत्र भित्र संघ, प्रदेश र स्थानिय तहले विकास गरेका सम्पूर्ण योजनाहरुमा जलस्रोत उपयोग गरेवापतको सेवा शुल्क, दररेट निर्धारण गर्दा उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्क, महशुल तथा अन्य विविध शुल्क निर्धारण गर्दा जलस्रोत व्यवस्थापन समितिको पूर्व सहमति लिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको सञ्चालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क खानेपानी व्यवस्थापन समितिको सल्लाह सुझाव र निर्देशनमा गर्नुपर्नेछ ।

(३) उपभोक्ता समितिले उपदफा १ बमोजिम उठ्ने रकमको संचालनका लागि व्यवसायिक कार्ययोजना बनाइ समितिबाट पारित गर्नुपर्नेछ ।

(४) उपदफा ३ बमोजिम व्यवसायिक कार्ययोजना बनाउँदा योजना संचालन खर्च बाहेकको सम्पूर्ण रकम अनिवार्य रुपमा मर्मत सम्भार कोष बनाइ बैंक दाखिला गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(४) जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरे बापत उपदफा १ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ।

१०) **दुर्घटनाको सूचना** :- (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा खानेपानी व्यवस्थापन समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन जलस्रोत व्यवस्थापन समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न आदेश दिन सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

११) **उपभोक्ता समितिको / संस्थाको सम्पत्ती** :- (१) संस्थाको चल अचल सम्पतीको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ। समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेकोमा कानुनी उपचारको लागी सहजिकरण खोजेमा आवश्यक सहजिकरण जलस्रोत व्यवस्थापन समितिले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले न्यायिक निकायमा पुनरावेदन गर्न सक्नेछ ।

१२) **समितिको कार्यकाल र उद्देश्य हेरफेर**:- (१) समितिको कार्यकाल निर्वाचन भएको मितिले दुई बर्षको हुनेछ। समितिले आफ्नो कार्यकाल सकिएको मितिले ३ महिना भित्र निर्वाचन गराईसक्नु पर्नेछ। साथै समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताब साधारणसभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न महानगरपालिका जलस्रोत व्यवस्थापन समितिको पूर्व स्वीकृत लिनु पर्नेछ ।

१३) **तदर्थ समिति गठन गर्न सकिने**:-१)दफा १२ को उपदफा १ बमोजिम म्याद सकिएका उपभोक्ता समितिहरुले ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न महानगरपालिकाको तर्फबाट सम्वन्धित उपभोक्ता सदस्यहरु मध्ये बाट तदर्थ समिति गठन गरी उक्त समितिलाई निर्धारित समय भित्र साधारण सभा र निर्वाचन समेतका आवश्यक प्रकृया र कारवाही गर्न गराउन जिम्मेवारी दिन सक्नेछ ।

(२) यस अघि जिल्ला जलश्रोत समितिमा दर्ता भइ संचालनमा रहेका, तर कार्यविधि लागू हुनु भन्दा अगावै म्याद समाप्त भएका उपभोक्ता समितिको हकमा यो कार्यविधि लागू भएको मिति देखि ३

महिना भित्र अनिवार्य रुपमा निर्वाचन गरी महानगरपालिकामा दर्ता गर्नुपर्नेछ । सो अनुसार निर्वाचन गरी दर्ता हुन नसकिएमा उपदफा १ बमोजिम हुनेछ ।

१४) संघ गठन गर्न सकिने:- दर्ता स्वीकृती प्राप्त गरी महानगर क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्ये बाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी महानगर स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख समन्वय र मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरु लाई व्यवस्थित रुपमा संचालन गर्न सकिनेछ ।

१५) हिसाबको विवरण पठाउनु पर्ने:- उपभोक्ता समितिले आफ्नो समितिले बार्षिक रुपमा हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन र सामाजिक लेखापरीक्षण सहित प्रत्येक बर्ष आ.व.समाप्त भएको ३(तीन) महिना भित्र महानगरपालिकामा पठाउनु पर्नेछ ।

१६) हिसाब जाँच गर्ने :-(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले तोकेको कुनै अधिकृत कर्मचारीद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गर्दा अनियमितता तथा कैफियत देखिन आएमा सो बारेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित उपभोक्ता समितिलाई स्पष्टीकरण सोधी क्षतिपूर्ति समेत गराउन लगाउनेछ ।

(३) हिसाब जाँच गर्ने व्यक्तिले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने कर्मचारीले महानगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन महानगरपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने महानगरलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

१७) निर्देशन दिने :- महानगरपालिकाको जलस्रोत समितिले खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

१८) समितिको विघटन र त्यसको परिणाम:-

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवंस समिति विघटन भएमा अथवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरेमा र आयोजना भताभुङ्ग बनाएमा , नेपाल सरकारको जलस्रोत ऐन, २०५०, खानेपानी नियामावली, २०५५ , खानेपानी बोर्ड ऐन, २०६३ र यस महानगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७८" अनुसार काम नगरेमा महानगरपालिकाले जुनसुकै बेला पनि उक्त समिति विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा महानगरपालिकामा सर्नेछ।

(३) उपदफा (२) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म नियम अनुसार त्यस्तो दायित्व महानगरपालिकाले व्यहोर्नेछ ।

१९) **मापदण्ड बनाउने अधिकार** :- यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न महानगरपालिकाले आवश्यकता अनुसार मापदण्ड तर्जुमा सक्नेछ ।

२०) **विशेष अवस्थामा तदर्थ समिति गठन गर्न सकिने** :- समितिको आफ्नो विधान अनुसार तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा, समितिको पदावधि हुँदाहुँदै पनि विविध कारणवश योजना संचालन हुन नसकी योजना भताभुङ्ग हुने देखिएमा उक्त कार्यसमिति विघटन गरी खानेपानी आयोजना संचालन गर्नका लागी महानगरपालिकाले तदर्थ समिति गठन गर्न सक्नेछ, जुन तदर्थ समितिले दफा ११(१) बमोजिमका कार्य गर्नेछ ।

२१) **बाधा अड्काउ सम्बन्धी** :-यो कार्यविधि कार्यान्वयको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको भावना प्रतिकुल नहुने गरि महानगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२२) **थपघट, हेरफेर वा संशोधन** :-(१) कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम कार्यविधिमा थपघट हेरफेर वा संशोधन गरेको विषयको सुचना सर्वसाधारणको जानकारीको लागी प्रकाशन गर्नुपर्नेछ ।

२३) **खारेजी र बचाउ** :- यो कार्यविधि स्वीकृत हुनुपुर्व महानगरपालिकावाट सम्पादन भएका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ साथै खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछन् ।

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)
निवेदन पत्रको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
पोखरा महानगरपालिका ।

विषय : खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धमा ।

महोदय

हामीले .....उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले पोखरा महानगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७८ बमोजिम उपभोक्ता संस्था/समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु ५०० दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता संस्थाको नाम :
२. कार्य क्षेत्र :
३. उद्देश्यहरु :
४. सदस्यहरुको नाम ठेगाना र पेशा
(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
(ज)
(झ)
५. उपयोग गरिने जलस्रोतको विवरण :-
(क) जलस्रोतको नाम र रहेको ठाउँ :-
(ख) जलस्रोतबाट गरिने प्रयोग :-
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :-
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :-
६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :-
(क) सेवाको किसिम :-
(ख) सेवा पुऱ्याउने क्षेत्र :-
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सख्या :-
(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :-
७. आर्थिक स्रोतको विवरण :-
८. कार्यालयको ठेगाना :-

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :
नाम :
पद :

अनुसूचि-३

गण्डकी बहु प्राविधिक शिक्षालयको आव २०७८ र २०७९ को वार्षिक बजेट बाँडफाँड

वजेट रु. हजारमा

सि.नं.	कार्यक्रमको नाम	खर्च शीर्षक नं.	खर्च शिर्षक	विनियोजित वजेट	स्रोत
क)	**चालु खर्च तर्फका कार्यक्रमहरु**				
१	विविध खर्च	२२७११		१५०.००	महानगरपालिका
२	ल्याप्टप तथा कम्प्युटर खरिद	२२२२१	मेसिनरी तथा औजार	५००.००	महानगरपालिका
३	छोटो अवधिको तालिम संचालन ६५ दिने ६० जना	२२५२२	तालिम कार्यक्रम खर्च	८००।००	महानगरपालिका
४	फर्निचर खरिद	२२२१२	फर्निचर तथा फिक्चर	५००.००	महानगरपालिका
५	इन्धन कार्यालय प्रयोजन	२२२१२	इन्धन(कार्यलय प्रयोजन)	१५०.००	महानगरपालिका
६	सवारी साधन खरिद	३११२१		३,१७८.००	महानगरपालिका
७	भौतिक शास्त्र,रसायन शास्त्र प्रयोगशाला सामाग्री खर्च भइ जाने सामाग्री खरिद	२२२२१		७५.००	आन्तरीक स्रोत
८	परिक्षा सन्चालन	२२५२२		१००.००	आन्तरीक स्रोत
९	प्लाम्बिंग,वुक लेयिंग कार्यशाला संचालन खर्च भइ जाने सामाग्री खरिद	२२५२२		९०.००	आन्तरीक स्रोत
१०	आंशिक शिक्षक तलव भुक्तानी	२२४११		६००.००	आन्तरीक स्रोत
११	भ्रमण भत्ता	२२६१२		२००.००	आन्तरीक स्रोत
१२	बैठक भत्ता	२११३४		२००.००	आन्तरीक स्रोत
१३	बिधार्थी भर्ना शुल्क फिर्ता			१००.००	आन्तरीक स्रोत
१४	परिक्षा शुल्क सिटीइभिटी			१००.००	आन्तरीक स्रोत
१५	मर्मत सम्भार	२२२९१		१००.००	आन्तरीक स्रोत
१६	धरौटी रकम			१,५८०.००	आन्तारीक स्रोत
१७	अटोमोवाइल सामाग्री खरिद भुक्तानी बाकि	२२५१२		१७२.००	महानगरपालिका
१८	साट्न बाकि चेक			५९९.००	आन्तरीक स्रोत
१९	छोटो अवधिको तालिम संचालन सिटीइभिटी को नियमानुसार	३११२२		७६०.००	आन्तरीक स्रोत
	जम्मा			९,९५४.००	
ख	**शिक्षक तथा कर्मचारी**				
१	सिभिल ईञ्जिनियर प्रशिक्षक सेवा करार	२२४११	करार सेवा शुल्क	७२०।००	महानगरपालिका
२	अटोमोवाइल प्रशिक्षक सेवा करार	२२४११	करार सेवा शुल्क	३६०.००	महानगरपालिका
३	भौतिक शास्त्र प्रशिक्षक सेवा करार	२२४११	करार सेवा शुल्क	५२०.००	महानगरपालिका
४	रसायन शास्त्र प्रशिक्षक सेवा करार	२२४११	करार सेवा शुल्क	४००.००	महानगरपालिका
५	पोशाक भत्ता	२११२१	करार सेवा शुल्क	५०.००	आन्तरीक स्रोत

६	तालिम व्यवस्थापक	२२४११	करार सेवा शुल्क	१००.००	आन्तरीक स्रोत
७	निर्देशक तलव भत्ता	२११११		६००.००	आन्तरीक स्रोत
८	पोशाक भत्ता	२११२१		२०.००	आन्तरीक स्रोत
९	इलेक्ट्रिकल तथा इलेक्टोनिक्स प्रशिक्षक सेवा करार	२२४११	करार सेवा शुल्क	४००.००	आन्तरीक स्रोत
१०	बाह्य अडिटर शुल्क	२२४११		३०.००	आन्तरीक स्रोत
	जम्मा			३,२००.००	
ग	पुजिँगत तर्फका जम्मा				
	पुजिगत खर्च तर्फका कार्यक्रमहरु				
१	कार्यशाला टस्ट निर्माण, जनप्रकाश मा. वि.	३१११२	गैरआवासीय भवन निर्माण	५००.००	महानगरपालिका
२	अटोमोटिभ टेक्नोलोजी कार्यशालाको सामाग्री व्यवस्थापन	३११२२	मेसिनरी तथा औजार	१,५००.००	महानगरपालिका
३	टोटल स्टेशन सहित सिभिल कार्यशाला सामाग्री खरिद	३११२२	मेसिनरी तथा औजार	२,०००.००	महानगरपालिका
४	ल्याव सामाग्री व्यवस्थापन	३११२२	मेसिनरी तथा औजार	२,९६५.००	आन्तरीक स्रोत
	जम्मा			६,९६५.००	
		कुल जम्मा		२०,११९.००	

आम्दानि तर्फ

	अनुमानित आय				
१.००	सिटीइभिटी सन्चालन अनुदान			०.००	
२.००	पोखरा महानगरपालिका पुजीगत अनुदान			४,०००.००	
३.००	पोखरा महानगरपालिका चालु अनुदान			७,५००.००	
२.००	सिटीइभिटी कार्यक्रम तालिम संचालन अनुदान			७८०.००	
३.००	परिक्षा फि			१००.००	
४.००	धरौटी रकम			१,५८०.००	
५.००	ब्याज आम्दानी			५०.००	
६.००	गत वर्ष बैंक मौज्दात			३,१०९.००	
७.००	बिधार्थी सेमेस्टर फि			३,०००.००	
	कुल जम्मा			२०,११९.००	

पोखरा महानगरपालिका

विद्युतीय सूचनापाटी मार्फत विज्ञापन समाग्री प्रसारण गर्ने सम्बन्धी मापदण्ड, २०७८

पोखरा महानगरपालिकाले विज्ञापन कर संकलन प्रक्रियालाई व्यवस्थापन गरी सरल, सहज र पारदर्शी तुल्याउन विद्युतीय सूचना पाटि राख्न, निजी घर जग्गामा Digital Display Board स्थापना गर्दा महानगरपालिकालाई सुन्दर, सुरक्षित गर्दै प्रविधिको हस्तान्तरण तथा वातावरणीय प्रदुषण न्यूनिकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो मापदपण्डको नाम "विद्युतीय सूचनापाटी मार्फत विज्ञापन सामाग्री प्रसारण गर्ने सम्बन्धी मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "स्थानीय कानुन" भन्नाले पोखरा महानगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस मापदण्ड र महानगरपालिकाले समयसमयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनुपर्छ।

(च) "नगर सभा" भन्नाले पोखरा महानगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(छ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ज)" विज्ञापन सामाग्री" भन्नाले Digital Display Board बाट प्रसारण गरिने विभिन्न प्रकारका विज्ञापनहरु सम्झनु पर्दछ।

३. विद्युतीय सूचनापाटी राख्ने मापदण्ड : निजी घर जग्गामा Digital display को लागि Digital Display Board स्थापना गर्दा Board को आकार, घरको भार वहन क्षमता, प्रसारण सामाग्रीहरु, शहरी सौन्दर्य, प्रदुषण नियन्त्रणका उपायहरु, जोखिम व्यवस्थापन, सामाजिक साँस्कृतिक विचलन लगायतका विषयमा देहाय बमोजिमको मापदण्ड लागु गरिएको छ।

१) पोखरा महानगरपालिका निजी जमीन तथा व्यक्तिगत घरमा Display Board राख्दा Digital Display Board मात्रै राख्नु पर्नेछ। Digital बाहेकको Display Board तर व्यापार

व्यवसायको पहिचानको लागि साइन बोर्ड राख्न तथा सार्वजनिक जमीनमा Digital Display Board राख्ने व्यवस्था प्रचलित स्थानीय कानुन बमोजिम हुनेछ ।

२) Digital Board राख्ने भवनको Structural Design विश्लेषण गर्दा बोर्डको आकार र भार वहन क्षमता वहन गर्न सक्ने हुनुपर्नेछ । Structural Design पास भएको प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३) Digital Display Board बाट विज्ञापन सामाग्री प्रसारण गर्दा राष्ट्रहित प्रतिकूल हुने, अन्तर प्रदेश तथा अन्तरपालिका बिचको सम्बन्धमा दखल पुऱ्याउने गरी प्रसारण गर्न पाईने छैन । यस्ता प्रकारका विज्ञापन सामाग्री प्रसारण गरे गराईएको पाईएमा जुनसुकै बखत विज्ञापन प्रसारण गर्न रोक लगाउन वा हटाउन सकिनेछ ।

४) Digital Display Board जडान गर्दा घरधनी, व्यवसायी स्वंयले आवश्यक पर्ने सुरक्षाका उपायहरु अवलम्बन गर्नु गराउनु पर्ने छ । सो बाट उत्पन्न हुन सक्ने जोखिम तथा हानी नोक्सानी र बिद्युतीय प्रकोप जस्ता कारणबाट हुने क्षतिको जवाफदेही व्यवसायी स्वयं हुनुपर्नेछ ।

५) Digital Display Board बाट प्रवाह हुने प्रकाशका कारण सार्वजनिक सवारीको आवागमन, छर छिमेक तथा सार्वजनिक आवागमनमा कुनै पनि किसिमको बाधा व्यवधान खडा नहुने गरी जडान गर्नुपर्नेछ ।

६) Digital Display Board बाट विज्ञापन प्रसारण गर्दा ध्वनी प्रदुषण रहित हुनु पर्ने तथा भाषिक रुपमा शुद्ध र दोहोरो अर्थ नलाग्ने हुनुपर्दछ । कुनैपनि बहानामा सामाजिक-साँस्कृतिक भावना, रीतिरिवाज र मान्यतामा चोट पुर्याउने, सामाजिक सम्बन्धमा विचलन ल्याउने, धार्मिक सहिष्णुतामा खलल पुर्याउने तथा विवाद सिर्जना गर्ने, उत्तेजनात्मक तथा अश्लिल विज्ञापन सामाग्री राख्न पाईने छैन । यस्ता समाग्री राखेको पाईएमा जुनसुकै बखत विज्ञापनमा रोक लगाउन सकिनेछ ।

७) जनस्वास्थ्यमा प्रतिकूल असर गर्ने एवं नेपाल सरकारले बिद्युतीय विज्ञापनमा निषेध गरेका सुर्तिजन्य, मदिराजन्य पदार्थ तथा Narcotic Drug को विज्ञापन राख्न पाइने छैन ।

८) Display Board को स्वामित्व र स्थान परिवर्तन गर्दा, विज्ञापन सामाग्री राख्दा वा परिवर्तन गर्दा महानगरपालिकामा अग्रीम जानकारी गराउन पर्नेछ ।

९) पोखरा महानगरको आर्थिक ऐनले निर्धारण गरेको दररेटमा कायम हुन आउने विज्ञापन कर र सो मा लाग्ने अन्य प्रचलित कर समेत वार्षिक रुपमा अग्रीम एकमुष्ठ बुझाएको हुनुपर्ने छ ।

१०) Digital Display Board स्थापना गर्दा संधियारको सीमाना देखी कम्तिमा ५ फुट सेट व्याक छाडनु पर्नेछ । छिमेकीको घरको छत, कौसी वा भ्याल छोपेर राख्न पाईने छैन ।

११) एउटा घरमा एउटा मात्र Board राख्न पाइनेछ । Display Board समतल Flat आकारको हुनुपर्नेछ ।

१२) विज्ञापन सामाग्री राख्दा त्यस्तो सामाग्रीबाट पोखरामहानगरको शहरी सौन्दर्यमा खलल हुन नपाउने व्यवस्थागरी सौन्दर्यमैत्री तथा सामाजिक-साँस्कृतिक सम्बन्ध सुमधुर बनाउने खालको हुनुपर्नेछ ।

१३) पोखरा महानगरपालिकाले कुनै अवसर विशेषमा तथा सार्वजनिक हितको विषयमा सूचना सम्प्रेषण गर्नु पर्ने अवस्थामा त्यस्तो सूचना निश्चित समयका लागि निःशुल्क प्रसारण गनुपर्नेछ ।

१४) Digital Display Board बाट विज्ञापन सामाग्रीको प्रचारप्रसार गर्दा त्यस्तो सामाग्री नेपाल सरकारले तोके बमोजिम हुनुपर्नेछ ।

१५) व्यवसायीले विज्ञापन प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा पोखरा महानगरपालिकाबाट प्राप्त निर्देशनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ । विज्ञापन प्रसारण शर्तनामा तथा स्वीकृति विपरीत राखिएका विज्ञापन सामाग्रीहरु महानगरबाट तत्काल हटाउन लगाइनेछ ।

१६) विज्ञापन तथा प्रचार प्रसार सामाग्रीको प्रसारण अवस्थाको सम्बन्धमा चौमासिक रुपमा प्रतिवेदन महानगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ । Digital Display Board बाट हुने विज्ञापन तथा प्रचार प्रसारको महानगरपालिकाबाट समय समयमा अनुगमन तथा निरीक्षण गरी सुधारको लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

१७) Existing Digital Display Board लाई स्थानान्तरण गर्न माग भएमा निश्चित समयावधि तोकी Board राख्ने स्थानको प्राविधिक अध्ययन गरी प्रतिवेदनको आधारमा स्थानान्तरणको अनुमति दिन सकिनेछ ।

१८) Digital Display Board को माध्यमबाट विज्ञापन गर्दा त्यस्तो Board को आकार, स्थापना गरिने स्थानको उपलब्धता तथा Board राख्ने घरको उचाई अनुरुप सुरक्षा, वातारण, दृष्यावलोकन आदिमा प्रतिकुल असर नपर्ने गरी प्राविधिक समितिको प्रतिवेदनको आधारमा स्वीकृति प्रदान गरिनेछ । तर फेवाताल, वेगनास ताल छेकिने गरी तथा मठ मन्दिर जस्ता धार्मिक संरचना एवं सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी Display Board राख्न पाईने छैन ।

१९) Digital Display Board को स्वीकृतिको अभिलेख राजश्व शाखाले राख्ने छ । सोही अभिलेखको आधारमा वार्षिक कर संकलन गरिनेछ । Digital Display Board तर्फबाट तिर्नुपर्ने सर्म्पूण कर तिर्ने दायित्व सम्बन्धीत जग्गाधनीको हुनेछ ।

२०) वार्षिक कर अग्रिम रुपमा लिईनेछ । कार्यालयले कुल वार्षिक करको ५० प्रतिशत धरौटी स्वरुप नगद वा बैंक जमानत माग गर्न सक्नेछ ।

२१) Digital Display Board बाट विज्ञापन तथा प्रचारप्रसार गर्न दिइएको ईजाजतमा उल्लेखित समयावधि अगावै कुनै कारणवश त्यस्तो स्वीकृति रद्ध गर्नु पर्ने भएमा वा Display Board हटाउनु पर्ने भएमा आवश्यक दस्तुर तिरी महानगरमा जानकारी दिई हटाउन सकिने छ । यस सम्बन्धमा पोखरा महानगरपालिकाबाट कुनै पनि किसिमको क्षतिपूर्ति दिइने छैन । साथै विज्ञापन कर वापत दाखिला भएको रकम फिर्ता हुने छैन ।

२२) Digital Display Board को कर संकलनलाई महानगरपालिकाको फुटकर विज्ञापन कर संकलनको आय ठेक्का प्याकेजमा समावेश गरिने छैन ।

२३) Digital Display Board हटाइएको जानकारी इजाजत प्राप्त व्यक्तिले महानगरपालिकालाई दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त नभएको अवधि सम्म सम्पत्ति कर तथा प्रचलित कर लिदा Digital Display Board को वार्षिक करलाई महानगरपालिकाले निरन्तरता दिनेछ ।

४. विज्ञापन मापदण्ड, सम्झौताका शर्त : स्वीकृति प्राप्त गर्ने व्यक्तिले निर्धारित मापदण्ड, सम्झौताका शर्तहरु तथा प्रचलित कानुनमा उल्लेखित प्रावधानहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ । प्रचलित कानुनमा उल्लेखित प्रावधान तथा पुरा गर्नु पर्ने मापदण्डको उलंघन भएको अवस्थामा महानगरपालिकाको आर्थिक ऐन बमोजिम कारवाही हुनेछ ।

५. प्राविधिक समिति : (१) Digital Display Board राख्ने कार्यको लागि प्राप्त हुने निवेदनको अध्ययन गरी त्यसको स्वीकृति दिने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । प्रमुख प्रशासकीय अधिकृतलाई निजको काममा सघाउनको लागि देहाय बमोजिमको प्राविधिक समिति रहनेछ ।

(क) पूर्वाधार तथा शहरी विकास महाशाखा प्रमुख-संयोजक

(ख) राजश्व प्रशासन शाखाका शाखा प्रमुख-सदस्य

(ग) सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनको जिम्मेवारी तोकिएको कर्मचारी-सदस्य सचिव

६. थप प्राविधिक Specification (१) Digital Display Board राख्ने कार्यको लागि देहाय बमोजिमको थप प्राविधिक Specification गरेको हुनुपर्नेछ ।

(क) Digital Display Board राख्ने भवनको अनिवार्य Structural analysis Report पेश गर्नु पर्नेछ ।

(ख) ROW तथा Setback मा बनाउन पाइने छैन ।

(ग) जग्गाधनीको तर्फबाट निवेदन गर्नुपर्ने वा जग्गाधनी संग गरिएको सम्झौता पेश गर्नु पर्नेछ ।

(घ) Specification कार्यालयले तोक्न सक्नेछ । तर कार्यपालिकाको निर्णय अनुसार LED वाहेक Light Board तथा Hording Board राख्न पाईने छैन ।

(ङ) सम्बन्धित वडाको सिफारिस पेश गर्नु पर्नेछ ।

(च) सम्झौताका शर्तहरु कार्यालयले तोके बमोजिम हुनेछ ।

(छ) वत्ति जडान गर्ने निवेदन स्वीकृति प्राप्त गेरपछि सोही आधारमा निवेदन गर्नु पर्नेछ । सो सम्वन्धी कार्यालयले कुनै आर्थिक दायित्व लिने छैन ।

(ज) सम्पूर्ण निर्माण कार्यको विमा अनिवार्य गर्नु पर्नेछ ।

७ आवेदन स्वीकृतिको प्रक्रिया : (१) Digital Display Board राख्ने कार्यको लागि आवश्यक कागजात संलग्न गरी कार्यालयमा आवेदन गर्न सकिनेछ । अग्रीम कारवाहीको प्रक्रिया यस प्रकार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतले पूर्णताको परीक्षण गरी वा गर्न लगाई अग्रीम कारवाही गर्ने ।

(ख) आवश्यकता अनुसार सम्वन्धित वडाको सिफारिस माग गर्ने ।

(ग) थप अध्ययनको लागि प्राविधिक समितिमा पठाउने ।

(घ) प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिनेछ ।

८ तेस्रो पक्षवाट विज्ञापन कर संकलन गर्न सकिने : महानगरपालिकाले नगर क्षेत्रभित्र Digital Display Board वाट विज्ञापन समाग्रीहरु प्रसारण गर्दा गरेवापत आर्थिक ऐनले निश्चित गरेको दरमा वार्षिक रुपमा विज्ञापन कर संकलन गर्न तेस्रो पक्ष परिचालन गर्न सक्नेछ ।

९ यसै मापदण्ड वमोजिम हुने : निजी लगानीमा तथा निजी जग्गा जमिनमा महानगरको अनुमतिमा Digital Display Board राख्ने सम्वन्धि व्यवस्था यसै मापदण्ड वमोजिम हुनेछ । फुटकर विज्ञापन, त्यसको आय संकलन जस्ता विषय महानगरको प्रचलित नीति वमोजिम हुनेछ । यो मापदण्ड प्रचलित कानूनसंग वाझिएमा वाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

१० मापदण्डको संशोधन तथा कार्यविधि जारी गर्ने : नगर कार्यपालिकाले आवश्यकता अनुसार यस मापदण्डमा परिमार्जन तथा आवश्यक संशोधन गर्न सक्नेछ । यो मापदण्ड कार्यान्वयनको लागि थप कार्यविधि आवश्यक भएमा नगर प्रमुखस्तरीय निर्णयवाट स्कीकृत गरी लागु गर्न सकिनेछ ।

११ बाधा अडकाउ फुकाउने : यस मापदण्डमा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।